**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ३१ गते बुधबार ❑ 15 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सार्वजनिक जग्गा संरक्षणमा सक्रिय पोखरा महानगर

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

पोखरा महानगरपालिकाले सोमबार पोखरा सभागृहमा आयोजना गरेको सार्वजनिक सुनुवाइमा पोखरा बसपार्क, फिर्के खोलालगायत क्षेत्रका सार्वजनिक जग्गालाई अतिक्रमणमुक्त बनाउन महानगरले खेलेको भूमिकाले चर्चा पायो ।

प्रश्नकर्ताले महानगरसँग सम्बन्धित कतिपय विषयमा गुनासा राखे पनि सार्वजनिक जग्गा संरक्षणमा महानगरको नेतृत्वले लिएको पहलकदमीको भने प्रशंसा गरे ।

महानगरपालिकाले हालैमात्र पोखरा बसपार्क, अमरसिँहचोक र फिर्के खोलाको अतिक्रमित जग्गा खाली गराएको थियो । सबैको सहयोग र समर्थनमा महानगरले अतिक्रमित संरचना डोजर लगाएर हटाएको थियो । कार्यक्रममा पोखराका अन्य क्षेत्रमा सार्वजनिक जग्गा मिचेर बनाइएका संरचनाबारे उठेका प्रश्नको जवाफ दिँदै महानगर प्रमुख धनराज आचार्यले किन्तु परन्तु भनेर सार्वजनिक जग्गा संरक्षणको अभियानबाट महानगर पछाडि नहट्ने बताउनुभयो ।

"केही समय भित्रै महानगरले पोखरामा रहेको सार्वजनिक जग्गाको लगत विवरण सार्वजनिक गर्छ, वनक्षेत्रसमेत गरी झण्डै ८१ हजार रोपनी सार्वजनिक जग्गा रहेको प्रारम्भिक अनुमान छ", उहाँले भन्नुभयो, "सार्वजनिक जग्गा यकीन गर्दा यदि कसैले जग्गा अतिक्रमण गरेको पाइएमा जग्गा खाली गर्न सूचित गर्छौं, सम्बन्धितले खाली नगरेमा प्रक्रियाअनुसार महानगर आफैंले अतिक्रमण हटाउँछ, यसमा कुनै सम्झौता हुँदैन ।" कुनैबेला पाटन र चौरका नामले चिनिने पोखरामा अहिले खुला ठाउँ देख्न पनि मुस्किल हुन थालिसकेको उहाँको भनाइ थियो । प्रमुख आचार्यले महानगरका ३३ वटै वडामा खेलमैदान र उद्यान निर्माणको योजना अगाडि सारिएको सुनाउनुभयो । उहाँले फिर्के खोलाको खोलाघरभित्र निर्माण गरिएका १६० वटा संरचना हटाइसकिएकोरअझैकेहीसंरचना हट्न बाँकी रहेको बताउनुभयो । अँधेरी कुनादेखि गाईघाटसम्मको आठ किलोमिटरमा समेटिएको फिर्के खोलाको किनारमा पैदलमार्ग र साइकलमार्गसहितको आकर्षक करिडोर बनाउने महानगरको योजना छ । प्रमुख आचार्यले पोखरा बसपार्कमा बसोबास गर्दै आएका सुकुमवासीको उचित व्यवस्थापनपछि बसपार्क निर्माणको काम सुरु हुने जानकारी दिनुभयो । कार्यक्रमका सहभागीहरुले बसपार्कका लागि अधिग्रहण गरिएको १८७ रोपनी जग्गाकै बसपार्क बनाउनुपर्ने सुझाव दिएका थिए । प्रमुख आचार्यले बसपार्क क्षेत्रमा कतिपयको व्यक्तिगत जग्गा भएकाले तिनलाई मुआब्जा दिएर अन्यत्र व्यवस्थापन गर्न सकिएमा सबै क्षेत्रमा बसपार्क बन्ने बताउनुभयो । "व्यक्तिको लालपुर्जा भएको जग्गालाई मुआब्जा दिन नसकिने अवस्थामा अहिले रहेकै ठाउँमा व्यवस्थापन गर्नुपर्छ", उहाँले भन्नुभयो, "बसपार्कको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ, अतिक्रमित जग्गा सबै खाली गरेर बसपार्क बनाउँछौं ।" पोखरा-१ स्थित टुँडीखेलको जग्गा पनि यकीन गर्ने काम छिट्टै सुरु गरिने उहाँले बताउनुभयो । सडक, राजकुलो, चौरलगायत जुनसुकै सार्वजनिक जग्गा अतिक्रमण गर्नु कानुनविपरीत हुने उहाँको भनाइ छ । यदि कसैले त्यस्तो जग्गामा मिचेर निजी संरचना, व्यवसाय सञ्चालन गरेको भए पनि आफैं जग्गा खाली गर्न प्रमुख आचार्यले आग्रह गर्नुभयो । प्रश्नकर्ताले महानगरको सेवा प्रवाह, विकास निर्माणका गतिविधि आदिका विषयमा प्रश्न उठाएका थिए । भूपेन्द्र गिरीले राम्रो काम गर्ने जनप्रतिनिधि र कर्मचारीलाई पुरस्कृत र गलत गर्नेलाई दण्डित गर्नुपर्ने बताउनुभयो । उहाँले सार्वजनिक ठाउँमा उद्यान निर्माण गर्न महानगरलाई सुझाव दिनुभयो । स्थानीवासीले भरत चालिसेले फिर्के खोलाको मापदण्ड कायम हुनुपर्ने बताउनुभयो । उहाँले पोखरामा रहेका राजकुलो र नहरको जग्गा पनि अतिक्रमणमा परेको भन्दै तिनको संरक्षण गर्न माग गर्नुभयो । अर्का सहभागी प्रभात कँडेलले सार्वजनिक जग्गा मिचेर रिसोर्ट बनाउनेलाई महानगरले बेवास्था गरेको उल्लेख गर्दै कानुन सबैका लागि समान रुपमा लागू हुनुपर्ने बताउनुभयो ।

पोखरा-१ का चन्द्रबहादुर गुरुङले १८७ रोपनी जग्गामै पोखरा बसपार्क बन्नुपर्ने धारणा राख्नुभयो । यस्तै, अशोक राईले सुकुमवासीको उचित व्यवस्थापन गरेर मात्र बसपार्कको निर्माणका प्रक्रिया सुरु गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा प्रविण सुवेदी, किशोर भण्डारीलगायत सहभागीहरुले महानगरको कार्यसम्पादन, सेवा प्रवाह आदिका विषयमा प्रश्न रोखका थिए । प्रमुख आचार्यसहित जवाफदेहीका तर्फबाट सहभागीका प्रश्न र गुनासा सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको थियो ।

## सवारी अवरोध जसले गरेको भए पनि कारबाही हुन्छः सभापति लामिछाने

रासस
पोखरा, ३० असार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले केही सञ्चारगृहका प्रवेशद्वारमा अवरोध गर्ने गरी सोमबार सवार ीसाधन राख्ने जोसुकै भए पनि कारबाही हुने बताउनुभएको छ ।

सोमबार केही सञ्चारगृह र नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको घर अगाडि प्रवेशद्वारलाई नै असर गर्ने गरी निजी नम्बर प्लेटका सवारीसाधन पार्किङ गरिएको भेटिएको थियो । ती सवार ीसाधनलाई प्रहरीले हटाउनुका साथै जरिवाना गरेर छोडेको थियो । आज सिंहदरबारमा पत्रकारहरुले यसै विषयमा राखेको जिज्ञासामा सभापति लामिछानेले ती सवार ीसाधन रास्वपाकै कार्यकर्ता या जसले राखेका भए पनि कारबाही हुने स्पष्ट गर्नुभएको हो । सभापति लामिछानेले सोमबारको घटनाका बारेमा पार्टीले नै विज्ञप्ति प्रकाशन गरेर रास्वपा सदैव प्रेस स्वतन्त्रताको पक्षमा रहेको र सवारी अवरोध उत्पन्न गर्नेमाथि कारबाही हुने जानकारीगराइसकेकोबताउनुभयो।

उहाँले भन्नुभयो, "यस घटनाका बारेमा सबैभन्दा पहिला रास्वपाले नै विज्ञप्ति निकालेर यसको विरोध गर्दै दोषीमाथि कारबाही गर्ने धारणा सार्वजनिक गरेको हो । रास्वपा त्यस्तो पार्टी हो जसले आफ्ना सांसदलाई ७२ घण्टाभित्रै कारबाही गरेको इतिहास पनि छ । त्यसैले यसमा जोसुकै एवं रास्वपाकै कार्यकर्ताको संलग्नता भए पनि कारबाही हुन्छ ।" प्रधानमन्त्री वालेन्द्र शाह र आफूबीच हालै भएको भेटवार्ताका सम्बन्धमा राखिएको एक जिज्ञासामा सभापति लामिछानेले सो भेटमा सुकुमवासी समस्याको दिगो र छिटो समाधान, विकसित विविध परिस्थिति, राष्ट्रिय राजनीति र पार्टीका विविध विषयमा कुराकानी भएको बताउनुभयो ।

## निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय सर्वोच्चद्धारा खारेज

रासस
काठमाडौं, ३० असार

सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमहरुलाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र खारेज हुने ठहर गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ गते सरकारले निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध परेको रिट निवेदन खारेज हुने फैसला गर्दै सरकारले जारी गरेको उक्त परिपत्र खारेज हुने ठहर गरेको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार फैसलाको पूर्णपाठ भने आउन बाँकी छ । मिडिया सोसाइटीका अख्तियार प्राप्त निवेदक अधिवक्ता अनन्तराज लुइँटेलले सरकारले निजी सञ्चारमाध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णय गैरकानुनी भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

सरकारले सरकारी विज्ञापनहरु सरकारी सञ्चार माध्यमहरुबाट मात्रै प्रकाशित एवं प्रशारित गर्ने निर्णय गरी प्रधानमन्त्री कार्यालयबाट परिपत्र जारी गरेको थियो । अदालतले सो परिपत्र बदर हुने फैसला गरेको हो ।

## प्रधानमन्त्री- विश्वविद्यालयका नवनियुक्त उपकुलपति छलफल, गुणस्तरीय शिक्षाका पक्षमा साझा प्रतिबद्धता

रासस
काठमाडौं, ३० असार

विभिन्न विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरूले प्राज्ञिक थलोलाई दलीय राजनीतिमुक्त बनाउने र सुशासन कायम गर्ने सवालमा साझा प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहको उपस्थितिमा मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा 'नेपालको उच्च शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती र सुधारका विषय' मा भएको छलफल तथा संवाद कार्यक्रममा उहाँहरूले यसकिसिमको साझा प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।


नवनियुक्त उपकुलपतिहरूले विश्वविद्यालयहरूमा प्राज्ञिक वातावरण बिग्रन नदिन विद्यार्थी युनियनलगायत राजनीतिक गतिविधि गर्न नदिने दृढता व्यक्त गर्नुभयो । उहाँहरूले विश्वविद्यालयअन्तर्गतका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूलाई दलीय राजनीतिबाट अलग राखी अनुशासनलाई प्राथमिकता दिँदै विशुद्ध रचनात्मक, तथा प्राज्ञिक कार्यमा मात्र केन्द्रित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसैगरी, उपकुलपतिहरूले स्पष्ट कार्ययोजनासहित प्रशासनिक, आर्थिक तथा प्राज्ञिक क्षेत्रमा व्यापक सुधार गर्ने, सुशासनलाई जोड दिई वित्तीय अनुशासन कायम गरेर बेरुजु फछ्र्यौट गने र पारदर्शी एवं जवाफदेही ढङ्गबाट नेतृत्व प्रदान गरी विश्वविद्यालयको गुणात्मक सुधार गर्ने अठोट गर्नुभयो । छलफलका क्रममा उहाँहरूले उच्च शिक्षाको पहुँचलाई थप समतामूलक बनाउन जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीका लागि कम्तीमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य रूपमा उपलब्ध गराउने वर्तमान सरकारको नीति तथा कार्यक्रम लागू गरिने बताउनुभयो । शैक्षिक कार्यक्रमलाई नियमित र सुनिश्चित बनाउने उद्देश्यले तयार गरिएको राष्ट्रिय शैक्षिक 'क्यालेन्डर' का आधारमा आआफ्नो विश्वविद्यालय अनुकूलको शैक्षिक 'क्यालेन्डर' लागू गर्ने, स्पष्ट कार्ययोजनासहित विद्यार्थी भर्ना, पठनपाठन, परीक्षा सञ्चालन निर्धारित समयमै गर्ने र परीक्षा सम्पन्न भएको बढीमा एक महिनाभित्रै परीक्षाफल प्रकाशन गर्ने प्रतिबद्धता उहाँहरूले व्यक्त गर्नुभयो । सो अवसरमा उपकुलपतिहरूले देशका विश्वविद्यालयहरूले हाल भोगिरहेका गम्भीर र साझा समस्याहरूका बारेमा प्रधानमन्त्रीकोध्यानाकर्षणगराउनुभएको थियो।यसैगरी,स्वीकृतदरबन्दीअनुसार आवश्यक जनशक्तिको अभाव हुनु, विश्वविद्यालयहरूको स्वामित्वमा रहेका अर्बौं मूल्यका जग्गाहरू अतिक्रमणको चपेटामा पर्नु र ती सम्पत्तिहरूको उचित व्यवस्थापन र संरक्षण हुन नसक्नु मुख्य साझा चुनौतीहरू रहेको जानकारी दिनुभयो । सका साथै विश्वविद्यालयहरूबीच आवश्यक प्राज्ञिक एवं प्रशासनिक समन्वय नहुँदा समग्र प्रणाली 'डिजिटलाइजेसन' हुन नसकेको, आधुनिक अनुसन्धान, प्रविधिमैत्री कक्षाकोठा, 'डिजिटल' शिक्षण-सिकाइ पद्धति र नवप्रवर्तन (इनोभेसन) को संस्कृति विकास हुन नसकेको विषयलाई समेत उपकुलपतिहरूले साझा समस्याका रूपमा प्रस्तुत गर्नुभयो । विश्वविद्यालयका कुलपति समेत रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले उपकुलपतिहरूको प्रस्तुतिपछि प्राज्ञिक सुधार, आर्थिक अनुशासन, शैक्षिक वातावरण र सुशासन स्थापनाका लागि केन्द्रित हुन निर्देशन दिनुभएको थियो ।

उहाँले सङ्घीय राजधानी काठमाडौँमा मात्र केन्द्रित हुँदै आएको विश्वविद्यालयहरूको दीक्षान्त समारोह (कन्भोकेसन)लाई अबदेखि सङ्घीयताको मर्मअनुरूप विकेन्द्रीकृत गर्दै सातै प्रदेशमा आयोजना गर्न विशेष तयारी थाल्न निर्देशन दिनुभयो । यसले हजारौँ विद्यार्थी र अभिभावकहरूलाई स्थानीयस्तरमै सहजता प्रदान गर्नेछ । प्रधानमन्त्री शाहले विश्वविद्यालयहरूमा वर्षौंदेखि थुप्रिएको बेरुजुको हिस्सालाई तत्काल घटाउँदै आर्थिक अनुशासन कायम गर्न, अनधिकृतरूपमा प्रयोग वा अतिक्रमण भइरहेका जग्गा र सरकारी रकम तत्काल फिर्ता ल्याई व्यवस्थापन गर्न, क्याम्पसहरूमा सरसफाइ कायम राख्न र विश्वविद्यालयका अतिक्रमित सम्पत्तिहरूको संरक्षणमा निर्मम बन्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्री शाहको भनाइ र निर्देशनप्रति ऐक्यबद्धता जनाउँदै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयका उपकुलपतिहरूलाई उच्च शिक्षाको गुणस्तर सुधारका लागि आगामी सात दिनभित्र स्पष्ट कार्ययोजना पेस गर्न निर्देशन दिनुभयो । वश्वविद्यालयहरूबीच आपसी समन्वय र सहकार्यको खाँचो औँल्याउँदै मन्त्री पोखरेलले भन्नुभयो, "सबै उपकुलपतिहरूले आआफ्नो विश्वविद्यालयको नेतृत्व गर्नुका साथै समग्र नेपालको उच्च शिक्षा सुधारका लागि 'एउटै टिम' का रूपमा सहकार्य गर्न आवश्यक छ ।"

कलेजहरूको सम्बन्धन र स्थानान्तरण जस्ता प्राविधिक विषयहरू एकापसमा जोडिने भएकाले विश्वविद्यालयहरूबीच एकीकृत समन्वय अपरिहार्य रहेको उहाँको भनाइ थियो । विश्वविद्यालयका सहकुलपतिसमेतरहनुभएकाशिक्षामन्त्री पोखरेलले विश्वविद्यालयहरूको समग्र प्राज्ञिक वातावरण र व्यवस्थापकीय सुधारका लागि मन्त्रालयले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । बैठकमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा किसानदत्त भट्ट, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा सुजनबाबु मरहट्टा, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा देवेन्द्र अधिकारी, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा डा श्यामनारायण लाभ, मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा राजन सुवाल तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्रा डा ऋषिराम कट्टेलको सहभागिता थियो ।



# गण्डकी पदकबाट भलिबलकी अरुणा शाही सहित ७ जना सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

गण्डकी प्रदेश खेलकुद परिषद्ले पहिलो पटक स्थापना गरिएको 'गण्डकी प्रदेश खेलकुद पदक' अन्तर्गत खेल क्षेत्रको विकास, प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशको पहिचान स्थापित गर्न योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक, खेल पत्रकार तथा खेल संघलाई सम्मान गरेको छ।

सम्मानित हुनेहरुमा राष्ट्रिय महिला भलिबल टोलीकी अरुणा शाही, क्रिकेटका रिजन प्रजु, आर्चरीका योगेन्द्र केसी, अन्तर र्राष्ट्रिय आर्चरी खेलाडी असिम शेरचन, आईटीएफ तेक्वान्दोकी सुस्मिता थापा मगर, खेल पत्रकार केशव पाठक तथा नेपाल भूतपूर्व खेलाडी मञ्चलाई गण्डकी पदकबाट सम्मान गरिएको छ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङले आयोजित विशेष समारोहमा विभिन्न ८ विधाअन्तर्गत सात जना व्यक्तित्व र ४ खेल संघलाई सम्मान तथा नगद पुरस्कार प्रदान गर्नुभएको हो। परिषद्का सदस्य सचिव श्रीधर शर्माका अनुसार ' गण्डकी प्रदेश खेलकुद पदकको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि-२०८१' मन्त्रिपरिषद् बाट पारित भएपछि पहिलो पटक यो सम्मान प्रदान गरिएको हो।

त्यसैगरी गण्डकी प्रदेश टेनिस संघलाई नेपाली खेलाडीलाई



सुकुम्बासी बस्तीदेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलतापूर्वक सहभागी गराउँदै आएको योगदानको कदरस्वरूप एक लाख २० हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ। गण्डकी प्रदेश फेन्सिङ संघ र गण्डकी प्रदेश ह्यान्डबल संघलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडी सहभागिता गराउँदै खेल विकासमा योगदान पुऱ्याएको भन्दै जनही ९० हजार रुपैयाँ नगदसहित सम्मान गरिएको परिषद्ले जनाएको छ।

परिषद्का सदस्य सचिव शर्माले गण्डकी प्रदेशमा रहेर खेल क्षेत्रको उन्नयन, विकास र अन्तर र्राष्ट्रिय स्तरमा पहिचान स्थापित गर्न योगदान गर्ने व्यक्ति तथा संस्थाको सम्मान गर्ने अभियानको सुरुवात गरिएको बताउनुभयो। खेलाडीलाई थप हौसला र प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले सम्मानसँगै नगद पुरस्कारको व्यवस्था गरिएको उहाँको भनाइ थियो। उहाँका अनुसार परिषद्ले सार्वजनिक सूचनामार्फत आवेदन माग गरी प्राप्त निवेदनका आधारमा छनोट प्रक्रिया पूरा गरेर सम्मान गरेको हो। आगामी वर्षहरूमा पनि यसलाई निरन्तरता दिइने उहाँले जानकारी दिनुभयो। यसै अवसरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पदक जित्ने ४६ जना खेलाडीलाई छात्रवृत्ति प्रदान गरिएको छ। त्यसैगरी परिषद्को खेलाडी कल्याणकारी कोष अन्तर्गत अध्ययनरत खेलाडीलाई शैक्षिक छात्रवृत्ति पनि वितरण गरिएको छ। कक्षा १० सम्म अध्ययन गर्ने खेलाडीलाई १२ हजार रुपैयाँ, कक्षा ११-१२ अध्ययनरतलाई १७ हजार रुपैयाँ, स्नातक तहका विद्यार्थीलाई २७ हजार रुपैयाँ तथा स्नातकोत्तर वा सोभन्दा माथि अध्ययनरत खेलाडीलाई ४५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको परिषद्ले जनाएको छ। अन्तराष्ट्रिय स्तरमा खेलेका दृष्टिविहीन क्रिकेट तथा कबड्डीका खेलाडीलाई जनही १५ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ। साथै राष्ट्रपति रनिङ शिल्डमा पदक जितेका ४६ जना खेलाडी तथा सम्मानित खेलाडी र प्रशिक्षकलाई एक वर्षको आकस्मिक दुर्घटना बीमा समेत गरिएको सदस्य सचिव शर्माले जानकारी दिनुभयो। कार्यक्रममा मन्त्रालयका सचिव शेषनारायण पौडेल, शाखा अधिकृत टंकप्रसाद ढकाल, परिषद्का कार्यालय प्रमुख तोपलाल भुसाल लगायतको उपस्थिति रहेको थियो।

परिषद्ले सुरु गरेको गण्डकी प्रदेश खेलकुद पदकलाई प्रदेशमा खेलाडी, प्रशिक्षक, खेल पत्रकार तथा खेल संघको योगदानको संस्थागत सम्मानका रूपमा लिइएको छ। परिषद्का अनुसार यस अभियानले खेल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तित्व र संस्थालाई थप प्रेरणा प्रदान गर्नुका साथै गण्डकी प्रदेशको खेलकुद विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# वालिङमा उद्घोषण तालिम सम्पन्न

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० असार



व्युटिपार्लर एसोशियसन, स्याङजा र नमुना मिडियाको आयोजनामा स्याङजाको वालिङमा ३ दिने उद्घोषण तथा भाषण कला सम्वन्धी तालिम सम्पन्न भएको छ।

युवा उद्यमी महिलाहरुको नेतृत्व क्षमता बढाउने उदेश्यले सञ्चालित उद्घोषण तथा भाषण तालिम जंगल रेष्टुरेन्ट वालिङमा सन्चालन गरीएको हो। तालिमको समापन समारोहमा मन्तव्य राख्दै प्रमुख अतिथी व्युटिपार्लर एसोसिसन स्याङजाका संस्थापक अध्यक्ष तथा वरीष्ठ सल्लाहकार दुर्गा थापाले महिलाहरुको क्षमतालाई उजागर गर्दै नेतृत्वको विकास गराउन यो तालिम निकै प्रभावकारी भएको बताए। उनले भने,तालिमले सहभागीहरुमा निकै आत्मविश्वास बढाएकाले यस्ता तालिम निरन्तर सञ्चालन गरीनेछ। तालिममा संस्थाका सल्लाहकार तथा निवर्तमान अध्यक्ष पुष्पा अर्याल, सहजकर्ता सुस्मा पौडेल लगायतका अतिथीहरुले मन्तव्य राखेका थिए साथै सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए। एशोशियसनका अध्यक्ष पमिला गुरुङको अध्यक्षतामा सन्चालित समापन समारोहमा सचिव नवीना गुरुङ लगायतका प्रशिक्षार्थीहरुले कार्यक्रम सञ्चालन गरेका थिए भने सहभागीहरुले प्रतिभा प्रष्फुटन गर्दै तालिमका सिकेका ज्ञान, अनुभव बाँडेका थिए।

समापन कार्यक्रममा संस्थामा उपाध्यक्ष माया गोर्खालीले स्वागत मन्तव्य राखेका थिए। उक्त तालिममा कुल १६ जनाले सहभागिता जनाएका थिए।

# गण्डकीका सबै जिल्ला पूर्ण खोप सुनिश्चित

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

गण्डकी प्रदेशका ११ वटै जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्लाका रुपमा दर्ज भएका छन्।

पछिल्लो पटक यही असार २५ गते नवलपुरलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्लाका रूपमा घोषणा गरिएको प्रादेशिक जनस्वास्थ्य केन्द्रले जनाएको छ। केन्द्रका खोप अधिकृत एकनारायण लम्सालले छिट्टै गण्डकी प्रदेशलाई नै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको प्रदेश घोषणा गरिने बताउनुभयो।

जन्मदेखि २३ महिनाभित्रका बालबालिकाले आवश्यक सबै खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको उहाँको भनाइ छ। पहिलो पटक २०७५ सालमा गण्डकी प्रदेशलाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरेपछि बर्सेनि हरेक स्थानीय तह, जिल्ला र प्रदेशलाई पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने गरिएको हो।

जन्मदेखि २३ महिना उमेर समूहका बालबालिकाले १३ प्रकारका रोगविरुद्ध लगाइने सम्पूर्ण खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको खोप अधिकृत लम्सालले बताउनुभयो। कोही पनि बालबालिका खोप पाउनबाट वञ्चित हुनु नपरोस् भनेर हरेक वर्ष वैशाख महिनालाई खोप महिना घोषणा गरी 'खोज र खोप' अभियान सञ्चालन गर्ने गरिएको छ।

खोप कार्यक्रमलाई तीनै तहका सरकारले प्राथमिकता दिँदै आएका छन्। मातृ तथा नवशिशु मृत्युदर घटाउन पूर्ण खोप अभियानले सहयोग पुर्याइरहेको खोप अधिकृत लम्सालको भनाइ छ। प्रदेशका झण्डै २५ हजार बालबालिकालाई नियमित खोपको दायरामा ल्याइएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# होटल व्यवसायी सन्तोष पोखरेलसहित ५ जना नेपाल पर्यटन बोर्डको सदस्यमा नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

केही समयदेखि रिक्त रहेको नेपाल पर्यटन बोर्डको निजी क्षेत्रतर्फको सदस्य पदमा अन्ततः पाँच जना नियुक्त भएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मंगलबार गरेको निर्णयअनुसार पोखराका होटल व्यवसायी सन्तोष पोखरेल सहित पाँच जनालाई बोर्ड सदस्यमा नियुक्त गरेको हो।

पोखरेलसँगै आरोग्य पर्यटन क्षेत्रबाट डा. सोविता श्रेष्ठ ढकाल, पर्यटन व्यवसायी पेम्बा शेर्पा, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष खुमबहादुर सुवेदी तथा आईटी तथा वेलनेस पर्यटन विज्ञ सृजना केसी बोर्ड सदस्यमा नियुक्त भएका हुन्। नवनियुक्त सदस्यहरूको कार्यकाल तीन वर्षको रहनेछ। पोखराबाट नेपाल पर्यटन बोर्डमा प्रतिनिधित्व सुनिश्चित भएसँगै पर्यटन व्यवसायी तथा पोखरेलीहरूमा नयाँ अपेक्षा जागेको छ। पर्यटनको राजधानीका रूपमा परिचित पोखराको पर्यटन विकास, प्रवर्द्धन र नीतिगत पहलमा अब थप प्रभावकारी आवाज पुग्ने विश्वास स्थानीय पर्यटन व्यवसायीहरूले व्यक्त गरेका छन्। नवनियुक्त सदस्य सन्तोष पोखरेलले आफूले केवल पोखराको मात्र नभई गण्डकी प्रदेश र समग्र नेपालको पर्यटन क्षेत्रको प्रतिनिधित्व गर्ने भावना बोकेको बताए। पोखरापत्रसँग कुरा गर्दै उनले पोखरा, गण्डकी र देशभरको पर्यटन प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

पोखरा क्षेत्रमा दिगो पर्यटन, वेलनेस तथा आरोग्य पर्यटन, पदमार्ग (हाइकिङ तथा ट्रेकिङ? धार्मिक पर्यटन, ग्रामीण पर्यटन, खेल पर्यटन, प्रकृतिमा आधारित गतिविधिको प्रचुर सम्भावना रहेको सदस्य पोखरेलले जनाए। यी सम्भावनालाई राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय बजारसम्म प्रभावकारी रूपमा प्रवर्द्धन गर्न आफूले जिम्मेवार ढंगले काम गर्ने उनको भनाइ छ। पर्यटनको राजधानीका रूपमा परिचित पोखराले नेपाल पर्यटन बोर्डमा एउटा प्रतिनिधित्व पाएको छ। यो अवसरलाई जिम्मेवारीका रूपमा लिँदै पोखरा, गण्डकी र समग्र नेपालको पर्यटनलाई थप उचाइमा पुऱ्याउन आफ्नो तर्फबाट सक्दो योगदान गर्नेछु, पोखरेलले बताए। पोखरेल नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष हुन भने पोखरा वाटिका होटलका संचालक समेत हुन्। मन्त्रालयले गठन गरेको सिफारिस समितिले एक हजार एक सयभन्दा बढी आवेदनको मूल्यांकनपछि १० जनाको नाम सिफारिस गरेको थियो। सोही सूचीबाट मन्त्रीस्तरीय निर्णयमार्फत पाँच जना सदस्य नियुक्त गरिएको हो।

नेपाल पर्यटन बोर्डको संरचनाअनुसार निजी क्षेत्रका पाँच सदस्यसँगै पाँच जना पदेन सरकारी सदस्य रहने व्यवस्था छ। पर्यटन मन्त्रालयका सचिव बोर्डका अध्यक्ष रहनेछन् भने प्रमुख कार्यकारी अधिकृत (सीईओ) सदस्यसचिव हुने व्यवस्था छ। हाल सीईओ पद रिक्त रहेकाले त्यसको नियुक्ति प्रक्रिया पनि छिट्टै अघि बढाइने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेल(गनेस)ले जानकारी दिए। "यो अवसरलाई जिम्मेवारीका रूपमा लिँदै पोखरा, गण्डकी र समग्र नेपालको पर्यटनलाई थप उचाइमा पुऱ्याउन आफ्नो तर्फबाट सक्दो योगदान गर्नेछु।" पोखरेलले बताए।

# नक्कली भुटानी शरणार्थी मुद्दामा सजाय तोकियो

रासस
काठमाडौं, ३० असार

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई चार वर्ष कैद सजाय तोकिएको छ। जिल्ला अदालत काठमाडौँले मंगलबार चार वर्ष कैद सजाय र रु ४० हजार जरिवाना तोकेको हो।

न्यायाधिश तेजबहादुर खड्काको इजलासले सुनाएको सजाय आदेशअनुसार पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई दुई वर्ष कैद सजाय र रु २० हजार जरिवाना तोकेको छ। उहाँहरुलाई सरकारी लिखत कृते कसुर, ठगी र सङ्गठितमा सो सजाय तोकिएको हो। सोही मुद्दामा सरकारी लिखत कृते कसुर, ठगी र सङ्गठित अपराधमा टेकनाथ रिजलालाई दुई वर्ष कैद र रु २० हजार जरिवाना तोकिएको छ। यस्तै केशवप्रसाद दुलाल, ज्ञानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा इन्द्रजित राई, गोविन्दकुमार चौधरी, आङदेवा शेर्मा र टङ्क नारायाण पाण्डेलाई चार वर्ष कैद तथा रु ४० हजार जरिवाना तोकिएको छ।

यसैगरी शमशेर मिया, हरिभक्त महर्जन, नीरञ्जनकुमार खरेल र नरेन्द्र केसीलाई एक वर्ष कैद र रु १० हजार जरिवाना तोकिएको छ।

# स्याङ्जामा गाई र गोरु पाल्ने कृषकलाई प्रोत्साहन

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० असार

स्याङ्जाका विभिन्न स्थानीय तहले लोकल काठे गाई र हल गोरु पाल्ने कृषकलाई नगद अनुदान दिएका छन्। अर्जुनचौपारी, फेदीखोला गाउँपालिका र गल्याङ नगरपालिकाले परम्परागत पशुपालनलाई प्रोत्साहनसँगै संरक्षण गर्ने उद्देश्यले कृषकलाई नगद अनुदान दिएका दिएका हुन्।

जिल्लाका ११ स्थानीय तहमध्ये फेदीखोला गाउँपालिका र गल्याङ नगरपालिकाले हल गोरु पाल्ने कृषक तथा अर्जुनचौपारी गाउँपालिकाले स्थानीय काठे गाई पाल्ने कृषकलाई प्रोत्साहन स्वरुप नगद अनुदान उपलब्ध गराएका छन्। बढ्दो यान्त्रिकरणलाई न्यूनिकरण र पर्यावरण प्रवर्द्धनमा



टेवा पुऱ्याउन स्थानीय तहले अनुदानका कार्यक्रम संचालन गरेको जनाएका छन्। चार वर्षदेखि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन स्वरूप नगद प्रदान गर्दै आएको फेदीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा ११ हल गोरुपालक कृषकलाई १० हजार रुपैयाँका दरले अनुदान दिएको छ। हरेक दुई वर्षको अन्तरमा हल गोरु पाल्ने कृषकलाई नगद दिने नीति लिएको फेदीखोलाले गत आर्थिक वर्षमा ११४ हल गोरुका लागि अनुदान उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ। त्यस्तै गल्याङ नगरपालिकाले ११ वटै वडाका हल गोरुपालक ११५ जना कृषकलाई पाँच हजार रुपैयाँका दरले ५ लाख ७५ हजार रुपैयाँ नगद अनुदान दिएको छ। प्रविधिको प्रयोग बढेसँगै हल गोरु पाल्ने क्रम घट्दै गएपछि कृषकलाई आकर्षित गर्न प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताए।

नगरपालिकाभित्र ११५ कृषकले ११६ हल गोरुपालन गरेको आवेदन दिएको आधार र अनुगमनपछि प्रोत्साहन रकम प्रदान गरेको जनाएको छ। चालु आर्थिक वर्ष २०८२/८३ का लागि हल गोरु पाल्दै आएका कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकाले कृषक प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत रकम दिएको हो। उता अर्जुनचौपारी गाउँपालिकाले लोकल काठे गाई पाल्ने कृषकलाई नगद अनुदान दिएको छ। गाउँपालिकाले गाई पाल्ने कृषकलाई प्रतिगाई मासिक एक हजार रुपैयाँका दरले वार्षिक १२ हजार रुपैयाँ उपलब्ध गराएको छ। पछिल्लो समय काठे गाई लोप हुँदै गएको तथा राष्ट्रिय जनावरको संरक्षणसँगै गाईको गोबर, गहँत, सिङ र हड्डीसमेत विभिन्न क्षेत्रमा प्रयोग हुने भएकाले कृषकलाई प्रोत्साहन गरिएको गाउँपालिकाले जनाएको छ। अर्जुनचौपारीले चालु आर्थिक वर्षमा ८१ वटा काठे गाईपालन गर्ने कृषकलाई ९ लाख ७२ हजार रुपैयाँ नगद अनुदान वितरण गरेको जनाएको छ। यसैगरी जिल्लाकै बिरुवा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक हल गोरुपालन गर्ने कृषकलाई १० हजार रुपैयाँ नगद उपलब्ध गराउने नीति अवलम्बन गरेको जनाइएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निजी संचार माध्यमलाई विज्ञापन नदिने सरकारको निर्णय सर्वोच्चबाट बदर

प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले निजी सञ्चारमाध्यमलाई सूचना-विज्ञापन नदिन गरेको निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदिएको छाबालेन सरकारले प्रेसलाई कमजोर बनाउन आर्थिक नाकाबन्दीको अस्त्र प्रयोग गरेको थियो। संचार माध्यमलाई प्रबर्द्धन गर्न र लोकतन्त्रलाई बलियो बनाउन समान व्यबहार गर्ने अपेक्षा विपरीत सरकारले लिएको नीतिको चौतर्फी आलोचना भएको थियो।

सकारले निजी सञ्चारमाध्यमलाई विज्ञापन नदिने निर्णयसहित गरेको सर्कुलरलाई सर्वोच्च अदालतले बदर गरिदिएको छ। प्रेस स्वतन्त्रता र लोकतान्त्रिक अधिकारको रक्षा न्यायालयले गर्छ भन्ने सर्वोच्चको फैसलाले गरेको छ। सर्वोच्चका न्यायाधीशहरू सारंगा सुवेदी र नृपध्वज निरौलायको इजलासबाट मंगलबार भएको यो निर्णयसँगै अब साविककोभैँ निजी सञ्चारमाध्यमहरूले सरकारी विज्ञापन पाउने बाटो खुलेको छ। नयाँ सरकारले पहिलो प्रहार नै प्रेसमाथि गरेको थियो।

सरकारको निर्णय गैरसंवैधानिक र गैरकानुनी भएको दाबीसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले दायर रिटमा न्यायाधीशहरू सुवेदी र निरौलाको संयुक्त इजलासले यसअघि यसअघि २३ असारमा मंगलबार निर्णय सुनाउने मिति तोकेको थियो। सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधान प्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। राज्यले कसैलाई काखा र कसैलाई पाखा लगाउन मिल्दैन।चुनावपछि बनेको सरकारप्रति नागरिकका धेरै अपेक्षा थिए। निर्वाचनको वातावरण बनाउने र परिवर्तनको पक्षमा लागेका निजी संचार माध्यमलाई चल्नै नसक्ने निर्णय आत्मघाती थियो।

२०८२ चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो। रिटमा चौथो अङ्गले विरोध जनाएको र यसले असर पारेको जिकिर गरिएको थियो। स्थानीय र साना लगानीका संचार माध्यम जनताको आवाज हुन। राष्ट्रियता र लोकतन्त्रको पक्षमा सधैं खबरदारी गर्दै आएका संचार माध्यमलाई चल्नै नसक्ने नीति अधिनायकवादी र अलोकतान्त्रिक सरकारले मात्र गर्छन। नेपाल पत्रकार महासंघ लगायत प्रेस स्वतन्त्रताको पक्षमा लाग्नेहरुको ऐक्यबद्धताले सरकारको अलोकतान्त्रिक र संविधान विपरीतको कदममा सर्वोच्च अदालतले रोक लगाएर न्यायालयप्रति विश्वास बढाउने काम गरेको छ।

मिडियालाई लामो समयदेखि दिई आएको विज्ञापनको सुविधा कटौती गरेर सरकारले मिडियालाई नाकाबन्दीमार्फत सिध्याउने मकसद राखेको थियो। विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको हुँदा सरकारले कुनै मिडियालाई दिने र कुनैलाई नदिने कार्टेलिङ गर्न नपाउने कुरा पत्रकारले उठाएका हुन। कानुनले दिएको विज्ञापन बोर्डको अधिकार सरकारले खोस्न पाउँदैन। संविधान अनुसार प्रदेश सरकार र स्थानीय सरकारको अधिकारमा प्रधानमन्त्री कार्यालयले हस्तक्षेप गरेको थियो। सर्वोच्चको फैसला ईमानदारीसाथ कार्यान्वयनका लागि खबरदारी आवश्यक छ।

# चुमनुब्री गाउँपालिकाको राजस्व दुई करोड

**पोखरापत्र संवाददाता**
गोरखा, ३० असार

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाले आन्तरिक राजस्व सङ्कलनमा उल्लेखनीय फड्को मारेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा रु दुई करोड १८ लाख राजस्व सङ्कलन गर्न सफल भएको त्यस पालिकाले जनाएको छ।

तीन वर्षअघि जम्मा रु ११ लाख १२ हजार राजस्व सङ्कलन गरेको उक्त पालिकाले अघिल्लो आवमा भने रु एक करोड ४९ लाख ५६ हजार राजस्व सङ्कलन गरेको थियो। मनासलु क्षेत्र भ्रमण गर्न आउने पर्यटकबाट भ्रमणबापतको शुल्क उठाउन थालेपछि पालिकाको राजस्व सङ्कलनमा उल्लेखनीय वृद्धि भएको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो। पालिकाले गत आवबाट मनास्लु आउने पर्यटकबाट शुल्क लिन थालेको हो। प्रतिव्यक्ति रु एक हजारका दरले शुल्क उठाउने गरेको लामिछानेले जानकारी दिनुभयो। गाउँपालिकाले आव २०८०/८१ मा अन्तरिक राजस्वबापत जम्मा रु २७ लाख १४ हजार सङ्कलन गरेको थियो। "पर्यटन शुल्कसँगै पालिकाले नदीजन्य सामग्री उत्खननबापतको कर सङ्कलनलाई पनि व्यवस्थित बनाएको छ", उहाँ भन्नुहुन्छ, "पहिले चिट काटेर कर उठाइन्थ्यो, जसले राजस्व चुहावट हुने जोखिम बढी हुन्थ्यो। अहिले भने अनलाइनमार्फत नै कर सङ्कलन सुरु गरेका छौँ।" यस्तै गत वर्षबाट मात्रै गाउँपालिकाले पालिकाको कार्यालयमै व्यवसाय दर्ता गर्ने तथा प्यान नम्बर उपलब्ध गराउन सुरु गरेको छ। यसले पनि राजस्व वृद्धिमा थप सहयोग पुर्‍याएको छ। पर्यटनबापतको कर सङ्कलन गर्न सुरु भएसँगै पालिकाको राजस्व उल्लेखनीय रूपमा वृद्धि भएको गाउँपालिकाका अध्यक्ष निमा लामा बताउनुहुन्छ। "आगामी वर्षमा तीन करोड राजस्व सङ्कलन गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो, "जति धेरै राजस्व सङ्कलन गर्न सक्यो सङ्घबाट त्यति नै बजेट बढेर आउँछ। राजस्व बढ्दा पालिकाको आर्थिक विकासमा सहयोग पुग्छ।"

पर्यटन शुल्कबाट धेरै राजस्व सङ्कलन भएकाले सो राजस्व पनि पर्यटन क्षेत्रको पूर्वाधार निर्माणमा धेरै प्रयोग गर्ने अध्यक्ष लामाको भनाइ छ।

# उत्पादनमा आधारित अनुदानले किसान उत्साही

**कमल खत्री**
म्याग्दी, ३० असार



बेनी नगरपालिका-७ कुरिलाखर्कका सुरेश ढुङ्गानाको दिन बिहानै गोठबाट सुरु हुन्छ। पचासवटा गाईभैँसीको स्याहार, दूध दुहुनु, बजारसम्म पुर्‍याउनु र फार्म व्यवस्थापनमै दिन बित्छ। जसबाट उहाँ सन्तुष्ट हुनुहुन्छ।

तर, पछिल्लो समय उहाँ सन्तुष्टसँग उत्साही र थप आशावादी बन्नुभएको छ। कारण हो, अनुदान। अहिले उहाँलाई अनुदानका लागि कार्यालय धाउनुपर्दैन, उत्पादनले नै उहाँको मिहिनेतको मूल्य निर्धारण गर्छ। 'ढुङ्गाना कृषि तथा पशुपन्छी फार्म' सञ्चालन गर्दै दैनिक करिब ३०० लिटर दूध उत्पादन गर्ने उहाँले बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रमबाट लगातार तीन वर्षसम्म वार्षिक रूपमा रु ४५ हजार प्राप्त गर्नुभएको छ। उहाँका अनुसार रकम ठूलो नभए पनि यसले किसानलाई सम्मान र उत्साह दुवै दिएको छ। "पहिला अनुदान पाउन धेरै प्रक्रिया पूरा गर्नुपर्थ्यो, अहिले वास्तविक उत्पादनका आधारमा अनुदान पाइन्छ, कार्यालय पनि धाइरहनु पर्दैन, हामीलाई काम गर्न प्रेरणा मिलेको छ", उहाँले भन्नुभयो। बेनी नगरपालिकाले आव २०८१ मा 'उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि' लागू गरेपछि कृषि अनुदान वितरणको शैली परिवर्तन भएको हो। कृषि औजार वा सामग्री वितरण गर्ने परम्परागत अभ्यासभन्दा फरक यो कार्यक्रमले उत्पादन र बिक्रीलाई आधार मानेर किसानलाई नगद अनुदान उपलब्ध गराउँछ। नगरपालिकाको विश्वास छ, यसले उत्पादन बढाउनेमात्र होइन, वास्तविक किसानलाई प्रोत्साहन पनि गर्छ। नगरप्रमुख सुरत केसीका अनुसार युवालाई उत्पादनमुखी व्यवसायतर्फ आकर्षित गर्ने, वैदेशिक रोजगारीको विकल्प सृजना गर्ने र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। "वडास्तरबाट कृषि औजार वितरण हुँदै आएको छ, नगरपालिकाले उत्पादनपछि अनुदान दिने व्यवस्था गरेको छ, यसले किसानलाई व्यावसायिक बन्न र उत्पादन बढाउन सहयोग पुगेको छ", उहाँ भन्नुहुन्छ। नगरपालिकाको तथ्याङ्कले पनि कार्यक्रमको प्रभाव देखाउन थालेको छ। बेनी नगरपालिका अहिले दूध उत्पादनमा आत्मनिर्भर हुँदै अतिरिक्त उत्पादन निर्यातको अवस्थासम्म पुगेको छ। स्थानीय तहको प्रोत्साहन र किसानको लगानीले पशुपालन व्यवसाय विस्तार हुँदै गएको नगरपालिकाको निष्कर्ष छ। यस वर्षदेखि कार्यक्रम पशुपालनमा मात्र सीमित छैन। व्यावसायिक तरकारीखेती गर्ने किसान पनि यसमा समेटिएका छन्। आर्थिक वर्ष २०८२/८३ मा पशुपालनतर्फ रु १२ लाख २० हजार र तरकारी खेतीतर्फ रु १३ लाख ५० हजार बजेट परिचालन गरिएको छ। पशु सेवा शाखामा परेको ६६ आवेदनमध्ये स्थलगत अनुगमनपछि ५७ वटा व्यावसायिक फार्म छनोट भएका छन्। पशु चिकित्सक डा सुदीप पौडेलका अनुसार किसानलाई न्यूनतम रु १३ हजारदेखि अधिकतम रु ४५ हजारसम्म अनुदान उपलब्ध गराइएको छ। तरकारीतर्फ कृषि शाखामा ६३ वटा आवेदन परेकामा ५९ किसान तथा कृषक समूह छनोट भएका छन्। कृषि अधिकृत आकृति ढुङ्गानाका अनुसार काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा, खुर्सानी, अकबरे खुर्सानी, मूला, गाजर, प्याज र लसुन उत्पादन गर्ने किसानलाई खेती गरिएको क्षेत्रफल र बिक्री भएको उत्पादनका आधारमा अनुदान प्रदान गरिएको छ। बेनी नगरपालिका-२ खबराका अगुवा किसान सोवित शर्माका अनुसार यो कार्यक्रमले मिहिनेत गर्ने किसानलाई प्रत्यक्ष लाभ पुगेको छ। "उत्पादनका आधारमा अनुदान दिँदा वास्तविक किसान छुट्दैनन्। साना किसानलाई पनि व्यवसाय विस्तार गर्ने आत्मविश्वास बढेको छ", उहाँ भन्नुहुन्छ। कार्यक्रमलाई व्यवस्थित बनाउन नगरपालिकाले किसानलाई लघु, साना, मझौला र व्यावसायिक उद्यमी गरी चार वर्गमा विभाजन गरेको छ। वर्गअनुसार रु १५ हजारदेखि ४५ हजारसम्म अनुदान उपलब्ध गराइन्छ। यसका लागि दूध उत्पादन, बाख्रापालन वा तरकारी उत्पादन तथा बिक्रीका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ। कार्यक्रमको अर्को विशेषता यसको सरल प्रक्रिया हो। किसानले एकपटक मात्र निवेदन दर्ता गरेपछि आवश्यक स्थलगत अनुगमन नगरपालिकाले आफैँ गर्छ। छनोट भएका किसानको बैंक खातामै अनुदान रकम जम्मा गरिने भएकाले प्रशासनिक झन्झट हटेको छ। प्राप्त रकम किसानले आफ्नै आवश्यकता र उत्पादन विस्तारसँग सम्बन्धित क्षेत्रमा खर्च गर्न सक्ने व्यवस्था छ।

बेनी नगरपालिकाको यो अभ्यासले अनुदानलाई उत्पादनसँग जोडेर वास्तविक किसानसम्म पुर्‍याउने नयाँ मोडेल प्रस्तुत गरेको छ। उत्पादनलाई प्रोत्साहन गर्ने, किसानलाई आत्मनिर्भर बनाउने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्य बोकेको यो कार्यक्रम सफल भए अन्य स्थानीय तहका लागि पनि अनुकरणीय अभ्यास बन्न सक्ने देखिन्छ। गोठमा बिहानदेखि साँझसम्म पसिना बगाउने सुरेश ढुङ्गानाजस्ता किसानका लागि यो अनुदान केवल केही हजार रुपैयाँको सहयोगमात्र होइन, मिहिनेतको मूल्याङ्कन र कृषि पेसाप्रतिको सम्मानको अनुभूति पनि बनेको छ।

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक पुलाचौर गा.वि.स. वडा नं. १ हाल बेनी नगरपालिका वडा नं. ६ बस्ने भारतीय भु.पु. सैनिक PPO No. S/34786 र ts No. 174618 र सैनिक नं. J.C. 629183 F hony capt. धर्मराज बानियाको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति वि.सं. २०१२/१२/२६ सन् 08-04-1956 उल्लेख भएको र आर्मी रेकर्ड डिस्चार्ज सर्टिफिकेट पेन्सन पट्टामा जन्ममिति सन् 04-05-1957 उल्लेख भई जन्ममिति फरक परेता पनि निज व्यक्ति एउटै भएको साथै निजको श्रीमती शिल कुमारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर शिल कुमारी बानियाँ, जन्ममिति वि.सं.२०११/०३/१२ सन् 26-06-1954 उल्लेख भएको र आर्मी रेकर्ड डिस्चार्ज सर्टिफिकेट पेन्सन पट्टामा नामथर शिल कुमारी जन्ममिति सन् 20-03-1958 उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि निज व्यक्ति एउटै भएको तथा विदेश जान कागजपत्र मिलाउनको लागि नागरिकताको प्रतिलिपि लिइएको भनि सम्बन्धित बेनी नगरपालिका कार्यालयको च.नं. २४५ मिति २०७४/०८/०३ को पत्रबाट लेखि आएको सोही बमोजिम सिफारिस गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, म्याग्दी

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु.सै.नं. ५७४६४७२W हवल्दार कृष्ण बहादुर गुरुङको श्रीमती प्यारी माया गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर प्यारीमाया गुरुङ जन्म मिति वि.सं. २०१७।०२।१७ तदानुसार ई.सं. १९६०-०५-३० भएको र पेन्सन अभिलेखमा नामथर प्यारी गुरुङ जन्म मिति ई.सं. १९६१-११-१२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १२ नं. वडा कार्यालयको च.नं. १७७७ मिति २०८३।०३।२५ को सिफारिस पत्रबाट लेखी आएको जानकारी अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला बाबियाचोर गा.वि.स. वडा नं. ६ हाल मंगला गाउँपालिका वडा नं. २ बस्ने भारतीय भु.पु. सैनिक नं. 5847778A, NK ललित बहादुर घर्ति क्षेत्री, ९ जि.आर.को श्रीमती बिष्णु कुमारी जि.सी.को नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर बिष्णुकुमारी घर्ति क्षेत्री उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर विष्णु कुमारी जि.सी. भई फरक परेतापनि उक्त दुई व्यक्ति एउटै भएको भनि सम्बन्धित मंगला गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. १४६९ मिति २०८२/११/१४ को सिफारिस पत्रबाट लेखि आएकोले भारतिय पेन्सन प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, म्याग्दी

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

सत्यमेव जयते
EMBASSY OF INDIA
PENSION PAYING OFFICE, POKHARA
VACANCY ANNOUNCEMENT
1. Applications are invited from the eligible candidates for the post of ARESA CIVIL CLERK (ASSAM RIFLES) for the Embassy of India, Pension Paying Office, Pokhara.
The applicants should have following criteria :-
FOR INDIAN EX-SERVICEMAN
(a) Maximum age below 40 years
(b) Assam Rifles Ex-Serviceman Maximum age below 57 Years.
(c) Minimum Civil Education 12th Class Pass or equivalent.
(d) Application, Bio-Data, NPP, Experience Certificate, Discharge Book & Medical Fitness Certificate etc.
(e) Professional qualification -Proficiency in MS-Words, Excel, Power Point & Internet.
(f) Work experience in relevant field and good communication skills in English and Nepali.
FOR OTHERS (CIVIL) PERSON
(a) 21 to under 35 Years Age.
(b) Minimum Education Bachelor Pass.
(c) Application, Bio-Data, NPP, Experience Certificate, Character Certificate & Medical Fitness Certificate etc.
(d) Professional qualification -Proficiency in MS-Words, Excel, Power Point & Internet.
(e) Work experience in relevant field and good communication skills in English and Nepali.
3. HOW TO APPLY
Interested Candidates should submit their application to O/o the Asst Military Attache (P) & OIC, Pension Paying Office, Embassy of India, Pokhara through e-mail at oicpok.pokhara@mea.gov.in or physical copies drop at the Est Section, PPO Pokhara before 27 Jul 2026 (1700hrs). The envelope contain to application should clearly mention "APPLICATION FOR THE POST OF ARESA CIVIL CLERK (ASSAM RIFLES)" at EOI, PPO Pokhara.
4. Only shortlist applicants will be informed for further test and interview via e-mail/phone.
5. Preference will be given to "Assam Rifles Pensioners and their dependents".
Contract Numbers : 061-435804 061-435805
Embassy of India Pension Paying Office Pokhara (Nepal)

